annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १४४, पृष्ठ १० | काठमाडौं, सोमबार ५ असोज २०८३ | MONDAY, SEPTEMBER 21, 2026 | मूल्य : रु. १०

बाढीपछि कटान, स्थानीय भन्छन्– अब कहाँ जाऊँ ?

भोटेकोशी बाढीको पीडा बिर्सन नपाउँदै नुवाकोटको दर्शनटार र तारुकाका बासिन्दामा अर्को त्रास फैलिएको छ– त्रिशूलीको कटान। बाढीबाट बचेका घर खेत पनि कटानका कारण कतै विलीन हुने त होइनन् भन्ने त्रासमा यहाँका बासिन्दा छन्। त्यसैकारण उनीहरूको प्रश्न छ– अब कहाँ जाऊँ ?'

देवचन्द्र भट्ट | *नुवाकोट*

बिहीबारदेखि भारी वर्षा, सतर्क हुन मौसमविद्को सुझाव

विद्यार्थीमा त्रास कायमै, खुल्न थाले विद्यालय

त्रिशूली नदीले कटान गर्दै नुवाकोटको तारुकाघाट र दर्शनटार क्षेत्र। ● देवचन्द्र भट्ट

समाचार पृष्ठ २

मधेस फेरि 'अशान्त' बनाउने चलखेल

मनिका झा | *जनकपुरधाम*

प्रतिनिधिसभा चुनावमा 'पाखा' लागेका मधेस केन्द्रित ९ दलले शनिबार विरगन्जमा संयुक्त कार्यक्रम गरे। जसपा अध्यक्ष उपेन्द्र यादवले छठपछि मधेसमा 'वार कि पार' को आन्दोलनका लागि तयार रहन आग्रह गरे। 'मधेसीले आफ्नो शासन र प्रशासनका लागि अब फेरि एक पटक लड्ने बेला भइसकेको छ,' यादवले भने, 'त्यसका लागि सबै जना तयार रहनु होला। किनभने अधिकार कसैले किस्तीमा सजाएर दिँदैन, अधिकार लडेरै लिनुपर्छ।'

सोही कार्यक्रममा आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले रास्वपाका वरिष्ठ नेता वालेन शाह नेतृत्वको सरकारले ६ महिनामा मधेसका गाउँठाउँका लागि के कस्ता काम गरे भनेर विचार गर्न मधेसी जनतालाई आग्रह गरे। 'जब-जब देशमा संकट परेको छ मधेसले उठेर सघाएको छ। आज फेरि देश संकट र अन्धकारतर्फ बढेको छ यसका लागि हामी सबै एकजुट हुनु आवश्यक छ,' साहले भने।

चुनावमा पराजित मधेस केन्द्रित दलमात्र होइन, सत्तासीन रास्वपाका नेता अमरेश सिंहले समेत छठपछि मधेसमा आन्दोलन हुने चेतावनी नेतृत्वलाई बारम्बार दिइरहेका छन्। विपक्षी नेकपाका अध्यक्ष प्रचण्डले पनि केही साताअघि मधेसमा भएको कार्यक्रममा रास्वपा सरकार मधेस विरोधी भएको भन्दै आन्दोलनका लागि तयार रहन निर्देशन दिएका थिए।

मधेसीले आफ्नो शासन र प्रशासनका लागि अब फेरि एकपटक लड्ने बेला भइसकेको छ। त्यसका लागि सबै जना तयार रहनु होला।

– **उपेन्द्र यादव**, अध्यक्ष, जसपा

समाज जोड्न, जनताको कुरा सुन्न र मधेसको आर्थिक तथा सामाजिक विकासका मुद्दालाई राष्ट्रिय बहसमा ल्याउन मेची महाकाली पदयात्रा गर्दैछु।

– **अमरेश सिंह**, सांसद, रास्वपा

सरकार मधेसी जनता विरोधी रहेको महसुस गरेकै कारणले रास्वपाकै सांसदहरू सरकारको विरोधमा लागेका छन्। चाँडै मधेसी जनता सरकारको विरोधमा उत्रिने छन्।

– **पुष्पकमल दाहाल**, संयोजक, नेकपा

विपक्षी, चुनाव हारेका मात्र होइन, सत्तापक्षीय सांसदकै यी चेतावनीपूर्ण भाषण र बोलीले मधेसलाई फेरि अशान्त बनाउन खोजिएको देखिन्छ। जातीय, साम्प्रदायिक तथा सामाजिक विभाजनका रेखाहरूबाट माथि उठी देशमा स्थायित्व निर्माणका लागि दुईतिहाइको सरकार निर्माण गर्न अग्रणी भूमिका निर्वाह गरेका मधेसका मतदातालाई धर्म, जात र अधिकारको नाउँमा लडाउने र आन्दोलनका लागि उक्साउन प्रायः सबै राजनीतिक दलहरू सक्रिय देखिएको यहाँका समाजसेवी बताउँछन्।

» बाँकी पृष्ठ ६

हर्मुज जलमार्ग खोल्न इरानका सर्त

तेहरान (एजेन्सी): इरानले तेल र ग्यास आपूर्तिको महत्त्वपूर्ण हर्मुज जलसन्धि पुनः खोल्नका लागि अमेरिका सामु आफ्ना सर्तहरू पठाएको छ। इरानले मध्यपूर्व युद्धदेखि नै यो जलमार्गमा नियन्त्रण गरिरहेको छ। फेब्रुअरीको अन्त्यतिर अमेरिका-इजरायली हमलाबाट सुरु भएको मध्यपूर्व द्वन्द्वमा अमेरिका र इरान महिनौंदेखि गतिरोधमा फसेका छन्।

इरानले त्यसयता विश्वको तेल र ग्यासका लागि महत्त्वपूर्ण यातायात मार्ग हर्मुज जलमार्गमाथि कडा नियन्त्रण कायम राखेको छ भने वासिङ्टनले इरानी बन्दरगाह र अर्थतन्त्रलाई प्रभावित पार्ने अभियान चलाएको छ। 'हाम्रा सन्देश र सर्तहरूको व्याख्या मध्यस्थकर्तामार्फत अर्को पक्षलाई स्पष्ट रूपमा पुऱ्याइएको छ,' इरानी संसद्का सभामुख मोहम्मद बाघेर गालिबाफले भने। युद्ध अन्त्यका लागि भएका वार्तामा उनी मुख्य वार्ताकारका रूपमा रहेका छन्। 'जबसम्म सर्तहरू पूरा हुँदैनन् र अमेरिकी प्रतिबद्धताहरू पालना हुँदैनन्, तबसम्म वार्ताअघिको अवस्थामा फर्कन र जलमार्ग खुला गर्ने कुरा सम्भव हुनेछैन,' उनले इरानी राष्ट्रिय टेलिभिजनलाई दिएको एक अन्तर्वार्तामा भनेका छन्।

पार्टी पुनर्गठनको मुद्दा थाती, राष्ट्रिय प्रतिनिधि परिषद् बैठक आह्वान

सुरेन्द्र काफ्ले | *काठमाडौं*

फागुन २१ को निर्वाचनमा लज्जास्पद हारपछि एमालेमा तातेको पार्टी पुनर्गठनको बहस तत्काललाई थाती राखिएको छ। आइतबार बसेको सचिवालय बैठकले पुनर्गठनको मुद्दा थाती राख्दै राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक बोलाउने निर्णय गरेको हो। बैठकले निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलको प्रतिवेदन ग्रहण गर्ने निर्णय गरेको उपमहासचिव लेखराज भट्टले जानकारी दिए।

उनले उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले बुझाएको कार्यदल प्रतिवेदन स्वीकार गरेको जानकारी दिए। उनले भने, 'आठौं सचिवालय बैठकले ४ महिना लगाएर जुन प्रतिवेदन तयार गऱ्यो, त्यो सर्वसम्मत रूपमा बुझाउने काम भयो र सचिवालयले त्यसलाई ग्रहण गऱ्यो।' उनले पार्टी पुनर्गठन तथा नेतृत्व मतभेद विषय प्रतिवेदनबाट हटेको पनि जानकारी दिए। उनले कार्यदलको बैठकमा लामो बहसपछि नेतृत्वको विषय सर्वसम्मत रूपमा हटाइएको जानकारी दिए। 'पुनर्गठन र नेतृत्वसम्बन्धी मतभेदको विषय प्रतिवेदनबाट हटेका छन्,' उनले भने, कार्यदलको बैठकबाटै ती विषय हटाइएको हो।' सचिवालय बैठकले राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक बोलाउने निर्णय भने गरेको छ।

उपाध्यक्ष थापा र महासचिव शंकर पोखरेलका दुवै प्रतिवेदनलाई एकीकृत गरेर तयार गरेको साझा प्रतिवेदन सचिवालयले स्वीकार गरेको हो। सोमबारदेखि एमालेको केन्द्रीय समितिको बैठक बस्दैछ। केन्द्रीय समिति बैठकको एजेन्डा सोमबार बिहान बस्ने सचिवालयले तय गर्ने उपमहासचिव भट्टले जानकारी दिए। यो साझा प्रतिवेदन पूर्वउपमहसचिव प्रदीप ज्ञवालीले तयार गरेका हुन्।

» बाँकी पृष्ठ ६